
# देशको वर्तमान आर्थिक स्थिति

### *(आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा विस्तृत मुद्राप्रदाय ६.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय १.१ प्रतिशतले वृद्धि भएको थियो । बैंकिङ्ग क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको तथा आन्तरिक सम्पत्तिमा पनि वृद्धि भएको हुँदा विस्तृत मुद्रा प्रदायमा वृद्धि भएको हो । संकुचित मुद्रा प्रदाय समीक्षा अवधिमा ४.९ प्रतिशतले बढेको छ ।




चार्ट १ : मौद्रिक स्थिति (तीन महिना)

२. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. ३३ अर्ब ८९ करोड (१५.६ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. ६ अर्ब ८८ करोड (३.२ प्रतिशत) ले घटेको थियो । विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि भई चालू खाता सन्तुलन धनात्मक भएको तथा वित्तीय खातामा समेत सुधार भएकोले भुक्तानी सन्तुलन सुदृढ भई मौद्रिक क्षेत्रको खुद वैदेशिक सम्पत्तिमा उच्च वृद्धि भएको हो ।

### कुल आन्तरिक कर्जा

३. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा कुल आन्तरिक कर्जा १.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ३.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा २.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा सो कर्जा ४.१ प्रतिशतले विस्तार भएको थियो । अनुत्पादक क्षेत्रमा प्रवाहित कर्जालाई नियन्त्रण गर्न गरिएको नीतिगत प्रयास र बैंकहरुको विगतको उच्च कर्जा-निक्षेप अनुपातलाई सुधार गर्न भएका प्रयासका कारण समीक्षा अवधिमा निजी क्षेत्रको कर्जा विस्तार कम रहेको हो ।



चार्ट २: वाणिज्य बैंकहरुको निक्षेप तथा कर्जा स्थिति ( तीन महिना)

### वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

४. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा वाणिज्य बैंकहरूले निक्षेपको रुपमा परिचालन गरेको साधन र कर्जा प्रवाहबीचको असन्तुलनमा सुधार आएको छ । यस अवधिमा बाणिज्य बैंकहरुको निक्षेप रू. ४१ अर्ब १९ करोडले बढेको छ भने कर्जा तथा लगानी रू. १९ अर्ब १४ करोडले बढेको छ । अघिल्लो बर्षको सोही अवधिमा निक्षेप परिचालन रू. ६ अर्ब ७५ करोडले घटेको थियो भने कर्जा तथा लगानी

रू. २४ अर्ब ४६ करोडले बढेको थियो । निक्षेपमा उच्च वृद्धिको विपरित बाणिज्य बैंकहरुबाट निजी क्षेत्र तर्फ प्रवाहित कर्जा भने १.८ प्रतिशतले मात्र वृद्धि भएको छ ।

५. समीक्षा अवधिमा वाणिज्य बैंकहरूवाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रू. ४ अर्ब ६० करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रू. ४ अर्ब ८९ करोडले बढेको थियो । समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रू. १ अर्ब ९८ करोडले, निर्माण क्षेत्रतर्फको कर्जा रू. ३ अर्ब २९ करोडले, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रू. १ अर्ब १९ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्र तर्फको कर्जा रू. ९० करोडले बढेको छ ।

## तरलता व्यवस्थापन

६. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा खुला बजार कारोवार अन्तर्गत रिपो बोलकबोल मार्फत रू. ७४ करोड ३७ लाखको खुद तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिपो बोलकबोलबाट रू. ३ अर्ब तरलता प्रवाह भएको थियो भने विक्री बोलकबोलबाट रू. २ अर्ब र रिभर्स रिपो बोलकबोलबाट रू. १९ अर्बको तरलता प्रशोचन भएको थियो ।

७. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (बाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ९१ करोड ५६ लाख खुद खरिद गरी रू. ६८ अर्ब ६२ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर ५१ करोड ४८ लाख खुद खरिद गरी रू. ३७ अर्ब ७८ करोड खुद तरलता प्रवाह गरेको थियो ।

८. समीक्षा अवधिमा अमेरिकी डलर ७० करोड बिक्री गरी रू. ५१ अर्ब ८१ करोड बरावरको भा. रू. खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ५६ करोड बिक्री गरी रू. ४१ अर्ब २७ करोड बरावरको भा. रू. खरिद भएको थियो ।

## अन्तर-बैंक कारोवार र स्थायी तरलता सुविधाको उपयोग


९. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा वाणिज्य बैंकहरूले कुल रू. ८३ अर्ब ५४ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रू. ७४ अर्ब १५ करोड बराबरको मात्र अन्तर-बैंक कारोवार भएको थियो । समीक्षा अवधिमा कुल रू. ४ अर्ब २१ करोडको स्थायी तरलता सुविधाको उपयोग भएकोमा उक्त सुविधामध्ये २०६८ असोज मसान्तमा रू. २ लाख ८८ हजार मात्र वक्यौता रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. २० अर्ब ८४ करोड स्थायी तरलता सुविधा उपयोग भएकोमा रू. ७ अर्ब ६२ करोड वक्यौता रहेको थियो ।

## अल्पकालीन व्याजदर

१०. आर्थिक वर्ष २०६८/६९ को असोज महिनामा अघिल्लो वर्षको असोज महिनाको तुलनामा अल्पकालीन व्याजदरहरुमा केही कमी आएको छ । उदाहरणको लागि ९१-दिने ट्रेजरी विलको भारित औसत् व्याजदर अघिल्लो वर्षको असोज महिनामा ५.६३ प्रतिशत रहेकोमा २०६८ असोजमा १.८२ प्रतिशत रहन गएको छ । त्यसैगरी, भारित औसत अन्तर-बैंक व्याजदर अघिल्लो वर्षको असोजमा ५.८९ प्रतिशत रहेकोमा २०६८ असोजमा १.०८ प्रतिशत कायम रहेको छ ।

## धितोपत्र बजार


चार्ट ३ : नेप्से परिसूचक (२०६८)




११. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा २१.२ प्रतिशतले घटी २०६८ असोज मसान्तमा ३३०.९९ विन्दुमा पुगेको छ । यो सूचकाङ्क २०६७ असोज मसान्तमा ४२०.३० रहेको थियो । बजारमा शेयरको आपूर्ति उल्लेख्य रुपमा बढेकोले समेत शेयरको मूल्यमा गिरावट आएको हो ।

१२. धितोपत्रको बजार पूँजीकरण २०६८ असोज मसान्तमा वार्षिक विन्दुगत आधारमा १५.१ प्रतिशतले घटी रू. ३ खर्ब २ अर्ब कायम भएको छ । २०६८ असोज मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात २२.४ प्रतिशत रहेको छ । यस्तो अनुपात २०६७ असोज मसान्तमा ३०.४ प्रतिशत रहेको थियो । कुल बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरुको सबैभन्दा ठूलो हिस्सा रहेको छ । जसअनुसार बैंक तथा वित्तीय संस्थाहरुको ६९.३ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ३.५ प्रतिशत, होटलहरुको १.७ प्रतिशत, व्यापारिक संस्थाहरुको ०.५ प्रतिशत, जलविद्युतको ४.४ प्रतिशत र अन्यको २०.६ प्रतिशत अंश रहेको छ ।

चार्ट ४ : सूचीकृत कम्पनीहरुको चुक्ता पूँजी (२०६८ असोज मसान्त)





१३. सूचीकृत कम्पनीहरुको चुक्ता पूंजीको वार्षिक वृद्धि १४.७ प्रतिशत रही २०६८ असोज मसान्तमा रू. १ खर्ब १ अर्ब २६ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूंजीमा वृद्धि भएको हो । २०६८ असोज मसान्तमा रू. २४ करोड १७ लाख बराबरको बोनस शेयर, रू. १ अर्ब ७८ करोड ३२ लाख बराबरको हकप्रद शेयर, रू. ४० लाख बराबरको परिवर्त्य अग्राधिकार शेयर र रू. ५ अर्ब बराबरको सरकारी ऋणपत्र गरी कुल रू. ७ अर्ब ६ करोड ५० लाख रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

१४. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या २०६८ असोज मसान्तसम्ममा २०९ पुगेको छ । यो संख्या २०६७ असोज मसान्तसम्ममा १८४ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १७७ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

चार्ट ५ : मुद्रास्फीति (तीन महिना)




१५. आर्थिक वर्ष २०६८/६९ को असोज महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ८.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ८.९ प्रतिशत नै रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्कमा ९.६ प्रतिशतले र गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्कमा ८.२

प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धिदर क्रमशः १३.१ प्रतिशत र ५.५ प्रतिशत रहेको थियो ।

१६. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये तरकारीका वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्कको वृद्धि सवैभन्दा वढी ४२.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । त्यसैगरी, फलफूल उप-समूहको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा ३०.२ प्रतिशतले वृद्धि भएको  छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहको मूल्य सूचकाङ्कमा ३.७ प्रतिशतले मात्र वृद्धि भएको थियो । समीक्षा अवधिमा दुग्ध पदार्थ एवं अण्डा र रेष्टुरेन्ट तथा होटल उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः १२.९ प्रतिशत र ११.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः १४.९ प्रतिशत र १४.८ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो बर्षको सोही अवधिमा १७.१ प्रतिशतले वृद्धि भएको खाद्यान्न उप-समूहको मूल्य सूचकाङ्कमा समीक्षा अवधिमा १.८ प्रतिशतको सीमान्त वृद्धि भएको छ । मसला उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा ९.० प्रतिशतले ह्रास आएको छ ।  उक्त उप-समूहको मूल्य सूचकाङ्कमा अघिल्लो बर्षको सोही अवधिमा ४१.१ प्रतिशतले वृद्धि भएको थियो ।


१७. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता-कपडा तथा जुत्ता चप्पलको मूल्य सूचकाङ्कमा १५.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.६ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ८.२ प्रतिशत र ५.० प्रतिशतले वृद्धि भएको यातायात क्षेत्र र फर्निचर तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्कमा भने समीक्षा अवधिमा क्रमशः १३.३ प्रतिशत र १२.९ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा विविध वस्तु तथा सेवा र शिक्षा क्षेत्रको मूल्य सूचकाङ्कमा क्रमशः १० प्रतिशत र ८.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्ष यी उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ६.१ प्रतिशत र ५.८ प्रतिशतले वृद्धि भएको थियो । संचार उप-समूहको मूल्य सूचकाङ्क तर्फ भने अघिल्लो बर्षको सोही अवधिमा ९.६ प्रतिशतले ह्रास आएकोमा समीक्षा अवधिमा थप ८.८ प्रतिशतले ह्रास आएको छ ।

१८. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सवैभन्दा वढी पहाडमा १०.० प्रतिशतले, तराईमा ९.३ प्रतिशतले र काठमाडौं उपत्यकामा ७.५ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मूल्य सूचकाङ्कको वृद्धिदर पहाड, तराई र काठमाडौं उपत्यकामा क्रमशः १०.३ प्रतिशत, ५.८ प्रतिशत र १२.१ प्रतिशत रहेको थियो ।

## थोक मुद्रास्फीति

१९. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ६.१ प्रतिशत रहेको छ । अघिल्लो बर्षको सोही अवधिमा यस्तो वृद्धिदर ८ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य सूचकाङ्क अन्तर्गत आयातीत वस्तुहरु, स्वदेशमा उत्पादित वस्तुहरु र कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १२ प्रतिशत, ११ प्रतिशत र १.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ७.५ प्रतिशत, ७.८ प्रतिशत र ८.२ प्रतिशतले वृद्धि भएको थियो ।

चार्ट ६ : थोक मुद्रास्फीति (तीन महिना)




२०. समीक्षा अवधिमा कृषिजन्य वस्तुहरुमध्ये नगदेबालीको  वार्षिक विन्दुगत थोकमूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात २४.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा उक्त उप-समूहको थोकमूल्य सूचकाङ्कमा ३२.९ प्रतिशतले ह्रास आएको थियो । त्यसैगरी, फलफूल तथा तरकारीको थोकमूल्य

सूचकाङ्कमा समीक्षा अवधिमा १२.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो बर्षको सोही अवधिमा उक्त उपसमूहको थोक मूल्य सूचकाङ्कमा १२.९ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मसला र दालजन्य पदार्थ उप-समूहको थोकमूल्य सूचकाङ्कमा क्रमशः १३.७ प्रतिशत र ७.९ प्रतिशतले ह्रास भएको छ । उल्लेखित उप-समूहको थोकमूल्य सूचकाङ्कमा अघिल्लो बर्षको सोही अवधिमा क्रमशः ४८.५ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको थियो ।

२१. समीक्षा अवधिमा स्वदेशमा उत्पादित वस्तुहरु अन्तर्गतको पेय एवं सुर्तीजन्य पदार्थ र खाद्यजन्य वस्तुको थोक मूल्य सूचकाङ्क क्रमशः १६.८ प्रतिशत र ९.८ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, निर्माण सामाग्रीको थोकमूल्य सूचकाङ्क समीक्षा अवधिमा २.७ प्रतिशतले वृद्धि भएको छ ।

२२. आयातीत वस्तुहरुमध्ये समीक्षा अवधिमा कपडाजन्य सामग्री र पेट्रोलियम पदार्थ एवम कोईला उप-समूहको थोकमूल्य सूचकाङ्क क्रमशः २९.३ प्रतिशत र १९.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, विद्युतीय सामग्री र यातायातका साधन र पार्टपुर्जाको मूल्य सूचकाङ्कमा क्रमशः ९.५ प्रतिशत र ८.५ प्रतिशतले वृद्धि भएको छ ।

### राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क

२३. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलव तथा ज्यालादर सूचकाङ्क २९.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १५.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क १९.३ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ३२.९ प्रतिशतल वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा कुनै परिवर्तन भएको थिएन भने ज्यालादर सूचकाङ्कमा २१.० प्रतिशतले वृद्धि भएको थियो ।

२४. समीक्षा अवधिमा तलब अन्तर्गत बैंक तथा वित्तीय संस्था, सार्वजनिक संस्थान र निजामती सेवाको तलब सूचकाङ्क क्रमशः ४२.४ प्रतिशत, २८.० प्रतिशत र १८.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, सैनिक र प्रहरी सेवा, शिक्षा र प्राईभेट संस्थाको तलब सूचकाङ्क क्रमशः २६.५ प्रतिशत, १९.१ प्रतिशत र ८.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा कुनै परिर्वतन भएको थिएन ।

२५. समीक्षा अवधिमा ज्यालादर अन्तर्गत निर्माण, कृषि र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः ३७.३ प्रतिशत, ३६.५ र प्रतिशत २३.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित सूचकाङ्कहरुमा क्रमशः १९.१ प्रतिशत २९.४ प्रतिशत र ६.८ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *


### बजेट घाटा/बचत

२६. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा सरकारी बजेट रू. २ अर्व ४८ करोडले बचतमा रहेको छ । समीक्षा अवधिमा सरकारी खर्चको तुलनामा स्रोत परिचालन उच्च रहेकोले सरकारी बजेट बचतमा रहेको हो । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रू. ३ अर्व ९५ करोडले घाटामा रहेको थियो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ६२ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका सरकारी कारोवार गर्ने ४३ शाखा मध्ये ३३ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु, नेपाल वंगलादेश बैंक लिमिटेड र ग्लोवल बैंक लिमिटेडको १-१ शाखाहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।


## सरकारी खर्च

२७. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्चमा ५.२ प्रतिशतले वृद्धि भई रू. ४७ अर्व पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल सरकारी खर्चमा १२.६ प्रतिशतले वृद्धि भएको थियो ।




## सरकारी राजस्व


२८. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन १६.७ प्रतिशतले वृद्धि भई रू. ४३ अर्व ८३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा राजस्व ९.४ प्रतिशतले वृद्धि भई रू. ३७ अर्व ५४ करोड पुगेको थियो । अघिल्लो वर्षको सोही अवधिको तुलनामा आयातमा भएको वृद्धि तथा गैर-कर राजस्वमा भएको विस्तारको कारण राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा बढ्न गएको हो ।




२९. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा १४.८ प्रतिशतले वृद्धि भई रू. १६ अर्व ७३ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सो वृद्धिदर २७.६ प्रतिशत रहेको थियो ।

३०. समीक्षा अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व १४.८ प्रतिशतले वृद्धि भई रू. ९ अर्व ५४ करोड पुगेको छ । अघिल्लो वर्ष सो राजस्व ५.८ प्रतिशतले वृद्धि भएको थियो ।

३१. समीक्षा अवधिमा अन्तःशुल्क राजस्वमा १०.४ प्रतिशतले वृद्धि भई रू. ६ अर्व ९१ करोड पुगेको छ । अघिल्लो वर्ष उक्त राजस्व २२.३ प्रतिशतले वृद्धि भएको थियो ।




३२. समीक्षा अवधिमा सरकारको आयकर राजस्व १४.९ प्रतिशतले वृद्धि भई रू. ५ अर्व ६४ करोड पुगेको छ । अघिल्लो वर्ष सो राजस्व ३०.४ प्रतिशतले मात्र वृद्धि भएको थियो ।

३३. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ८३.७ प्रतिशतको उच्च दरले वृद्धि भई रू. ३ अर्व २० करोड पुगेको छ । अघिल्लो वर्ष गैर-कर राजस्व ५५.९ प्रतिशतले घटेको थियो ।

## वैदेशिक नगद ऋण र अनुदान


**३४.** आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रू. ८९ करोड ६४ लाख र वैदेशिक नगद अनुदानवापत् रू. ५ अर्व ७१ करोड प्राप्त भएको छ ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

३५. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ६.९ प्रतिशतले वृद्धि भई रू. १८ अर्ब ४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु निर्यात ६.२ प्रतिशतले वृद्धि भई रू. १६ अर्ब ८७ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको असोज महिनामा कुल वस्तु निर्यातमा भदौ महिनाको तुलनामा १३.३ प्रतिशतले कमी आएको छ ।

चार्ट १० : वैदेशिक व्यापार (तीन महिना)




३६. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात समीक्षा अवधिमा १२.१ प्रतिशतले बढेको छ । यस्तो निर्यात अघिल्लो वर्षको सोही अवधिमा ११.९ प्रतिशतले बढेको थियो । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष १.८ प्रतिशतले घटेकोमा समीक्षा अवधिमा १.३ प्रतिशतले घटेको छ । भारततर्फ मुख्यतयाः जुटको सामान, जस्ता पाता, लत्ताकपडा, कपर वायर रड, तार र अलैंचीको निर्यात बढेको कारण त्यसतर्फको निर्यातमा वृद्धि हुन गएको हो । त्यस्तै, अन्य मुलुकतर्फ विशेषगरी दाल, हस्तकलाका सामान, जडिबुटी र छालाका तयारी सामानको निर्यातमा कमी आएका कारण त्यसतर्फको निर्यातमा कमी आएको हो ।

३७. समीक्षा अवधिमा कुल वस्तु आयात ७.८ प्रतिशतले बढेर रू. १०० अर्ब २६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ५.१ प्रतिशतले वृद्धि भई रू. ९२ अर्ब ९८ करोड पुगेको थियो । मासिक रुपमा हेर्दा असोज महिनामा कुल वस्तु आयात भदौ महिनाको तुलनामा १८.५ प्रतिशतले घटेको छ ।

३८. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको तीन महिनासम्म ३२.७ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ०.६ प्रतिशतले मात्र बढेको छ । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको २७.४ प्रतिशत ह्रासको विपरित समीक्षा अवधिमा २३.४ प्रतिशतले वृद्धि भएको छ । भारतबाट मुख्यतयाः पेट्रोलियम पदार्थ, औषधि, कृषि उपकरण तथा पार्टस्, तयारी पोशाक र कोइलाको आयात बढेको छ । अन्य मुलुकबाट विशेषगरी सुन तथा चाँदी, भटमासको कच्चा तेल, रासायनीक मल, विद्युतीय सामान र अन्य मेशिनरी तथा पार्टस्को आयातमा वृद्धि भएको छ ।

३९. चालू आर्थिक वर्षको तीन महिनासम्ममा कुल वस्तु व्यापार घाटा ८.० प्रतिशतले वृद्धि भई रू. ८२ अर्ब २३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ४.९ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा समीक्षा अवधिमा १.६ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसंगको यस्तो घाटा ३७.७ प्रतिशतले बढेको थियो । त्यस्तै, अघिल्लो वर्षको तीनमहिनासम्ममा ३२.४ प्रतिशतले घटेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ३०.५ प्रतिशतले बढेको छ ।

४०. आयात व्यापारमा आएको वृद्धिको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात १८.० प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १८.१ प्रतिशत रहेको थियो ।

### शोधनान्तर स्थिति


४१. आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा समग्र शोधनान्तर स्थिति रू. ३३ अर्ब ८९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा रू. ६ अर्ब ८८ करोडले शोधनान्तर घाटामा रहेको थियो । विगत दुई वर्ष यता निरन्तर असन्तुलन (घाटा) को अवस्थामा रहेको चालू खाता आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्ममा रू. १३ अर्ब ८२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही

अवधिमा चालू खाता रू. २ अर्ब १७ करोडले घाटामा रहेको थियो । खासगरी विप्रेषण आयमा भएको उच्च वृद्धि एवं सेवा खातामा भएको उल्लेख्य सुधारका कारण चालू खाता बचतमा रहन गएको हो । पर्यटन आयमा भएको उल्लेख्य वृद्धिका कारण सेवा खाता पनि लामो समयको घाटा पश्चात् बचतमा रहन सकेको छ ।

४२. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्ष ४.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ७.३ प्रतिशतले वृद्धि भई रू. ७९ अर्ब ३५ करोड पुगेको छ । विगत केही वर्षदेखि घाटामा रहेको खुद सेवा आय समीक्षा अवधिमा रू. ३ अर्ब २९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खूद सेवा खाता घाटा रू. ३ अर्ब ७५ करोड रहन गएको थियो । सेवा अन्तर्गत अघिल्लो वर्षको पहिलो तीन महिनासम्ममा पर्यटन आयमा २०.९ प्रतिशतले ह्रास आएकोमा समीक्षा अवधिमा २९.८ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको तुलनामा १९.० प्रतिशतले वृद्धि भई रू. ८७ अर्ब ९५ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत पेन्सन आयमा २२.९ प्रतिशतले कमी आई रू. ६ अर्ब ६६ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह अघिल्लो वर्षको १४.२ प्रतिशत वृद्धिको तुलनामा २८.३ प्रतिशतले वृद्धि भई रू. ७५ अर्ब ८८ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, चालू आर्थिक वर्षको भदौ महिनाको तुलनामा असोज महिनामा विप्रेषण आप्रवाह १२.२ प्रतिशतले बढेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रू. २ अर्ब २० करोडको प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो लगानी वापत रू. १८ करोड मात्र प्राप्त भएको थियो ।

## विदेशी विनिमय सञ्चिति

चार्ट ११ : कुल विदेशी विनिमय संचिति
(तीन महिना)




४३. २०६८ असोज मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०६८ असार मसान्तको रू. २ खर्ब ७२ अर्ब १० करोडको तुलनामा १९.५ प्रतिशतले बढी रू. ३ खर्ब २५ अर्ब ३ करोड पुगेको छ । २०६७ असोज मसान्तमा यस्तो सञ्चिति २०६७ असार मसान्तको तुलनामा ४.४ प्रतिशतले घटेर रू. २ खर्ब ५७ अर्ब ६ करोड रहन गएको थियो । मासिक रुपमा हेर्दा, चालू आर्थिक वर्षको असोज महिनामा मात्रै रू. २४ अर्ब ९० करोडले विदेशी मुद्रा सञ्चिति बढेको छ । कुल सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०६८ असार मसान्तको रू. २ खर्ब १३ अर्ब १० करोडको तुलनामा २०६८ असोज मसान्तमा २४.६ प्रतिशतले वृद्धि भई रू. २ खर्ब ६५ अर्ब ५८ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैंकिङ्ग क्षेत्रको कुल सञ्चिति २०६८ असारदेखि २०६८ असोज मसान्तसम्ममा ८.५ प्रतिशतले वृद्धि भई अमेरिकी डलर ४ अर्ब १६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति ०.६ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०६८/६९ को तीन महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ९.९ महिनाको वस्तु आयात र ८.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४४. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६७ असोज मसान्तमा प्रति व्यारल अमेरिकी डलर ८४.१० रहेकोमा २०६८ असोज मसान्तमा ३५.९ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ११४.३३ पुगेको छ । त्यसैगरी, सुनको मूल्य २०६७ असोज मसान्तको तुलनामा २०६८ असोज मसान्तमा २२.७ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १६७८.०० पुगेको छ ।

४५. २०६८ असार मसान्तको तुलनामा २०६८ असोज मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ९.१५ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.२५ प्रतिशतले अधिमूल्यन भएको थियो । २०६८ असोज मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७८.१० पुगेको छ । २०६८ असार मसान्तमा उक्त विनिमय दर रू. ७०.९५ रहेको थियो ।